# आर्थिक वर्ष ०७९/०८० को दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम

ताराखोला गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय, अर्गल बाग्लुङ ।

मितिः- २०७९।१२।२१ गते मंगलबार

स्थानः- ताराखोला गाउँपालिका वडा नं. ४ को कार्यालय दोगाडि

## १. पृष्ठभूमि

“आर्थिक सुशासन प्रवर्द्धनको लागि सार्वजनिक सुनुवाई”

“आर्थिक जवाफदेहिता/पारदर्शिता/को लागि सार्वजनिक सुनुवाई”

“आन्तरिक सुशासन प्रवर्धनको लागि सार्वजनिक सुनुवाई”

सार्वजनिक पद र अधिकार धारण गरेका कर्तव्यपालकर सेवाग्राही बीच सार्वजनिक रुपमा हुने प्रत्यक्ष अन्तर्क्रिया सार्वजनिक सुनुवाई हो । सार्वजनिक सुनुवाई जनताको अदालत हो जसले सुशासनको मान्यतालाई अंगिकार गरेको हुन्छ । यसमा प्रश्नोत्तर विधिबाट अधिकारवाला र सेवाग्राही बीच सेवा प्रवाहका समस्या तथा जनसन्तुष्टिको स्थितिबारे समिक्षा गरि मुल्याङ्कन, सुझाव र पृष्ठपोषण प्रदान गरिन्छ । सार्वजनिकनिकायलेनिश्चितसमयमासम्पादनगरेकाकामकारवाहीहरुकोसम्बन्धमा जानकारी गराउनुको साथै सार्वजनिक निकाय प्रति जनतामा रहेको गुनासो वा अपेक्षाहरुलाई सार्वजनिक सुनुवाईको मार्फत सम्वोधन वा सार्वजनिक प्रतिवद्धता गराई जिम्मेवार पदाधिकारी वा निकायहरुलाई जनता प्रति उत्तरदायी र जवाफदेही बनाउन आयोजना गरिने माध्यमसार्वजनिक सुनुवाई हो ।

यसरी नै ताराखोला गाउँपालिकाले आफुले गरेका गतिविधिहरु विभिन्न माध्यमबाट जनता समक्ष पुर्याउदै आएको छ । विगतका वर्षहरुमा पनि सार्वजनिक सुनुवाईको माध्यमबाट गाउँपालिकाको गतिविधिहरु र जनताबाट प्राप्त हुने गुनासाहरु सम्वोधन र प्रतिवद्धता व्यक्त गर्दै आएको थियो ।

सेवाग्राहीहरुका आशा, आकांक्षा र अपेक्षा दिनानुदिन बढ्दै गईरहेको अवस्थामा स्थानीय निकाय लगायत सार्वजनिक निकायहरुले गुणस्तरीय सेवा प्रवाह गर्ने कार्य निकै नै चुनौति देखिन्छ । यसै बीचमा पदाधिकारी तथा कर्मचारीहरुले संघ, प्रदेश र स्थानीय तहमा निर्मित कानुनको घेरा वा सीमा, आर्थिक साधन स्रोत, मानव संशाधन लगायत अन्य पक्षलाई संघन रुपमा मिलाएर ताराखोला गाउँपालिकाले गुणस्तरीय सेवा उपलब्ध गराउने जमर्को गरेको छ । जस्तैः-उपभोक्ता समितिबाट कार्यान्वयन हुने योजनाहरुको वडाबाट नै संझौता गर्ने । अनलाईन राजश्व प्रणाली । श्रम रोजगार बैंकको स्थापनाको सुरुवात आदि।

**सेवा प्रभावकारीतामा सार्वजनिक सुनुवाईको महत्त्वः-**

क) सार्वजनिक प्रशासनमा जवाफदेहिता र पारदर्शिता प्रवर्धन गर्न,

ख) सार्वजनिक पदाधिकारिको स्वच्छाचारीता नियन्त्रण गर्न,

ग) सेवा वितरणमा जनगुनासो आउन नदिन र सेवाग्राहीलाई केन्द्रबिन्दुमा राख्न,

घ) सेवा प्रदायकबाट प्रदान गरिने सेवाबारे जनगुनासो सुन्न र त्यसको यथोचित समाधान गर्न,

ङ) शासन प्रक्रियामा सहभागिता अभिवृद्धि गर्न,

च) विगतका गल्ति कमजोरिहरुको समिक्षा गरि पुन दोहोरिन नदिन,

छ) सेवाग्राही र सेवाप्रदायक बीच विश्वासको वातावरण सिर्जना गर्न,

ज) सेवा प्रवाहमा जनसहभागिता र नागरिक चासो बढाउन,

झ) सेवा प्रदायक निकायलाई आफ्नो कामकारबाहि बारे सचेत र जवाफदेहि बनाउन,

ञ) नियमित र खुल्ला अन्तर्क्रियाबाट नागरिकको सूचनाको हकको प्रवर्धन गर्न, आदि ।

**२. चालु आर्थिक वर्षको आम्दानी र खर्च**

चालुआर्थिकवर्षमागाउँपालिकाको कुल आम्दानी ३६ करोड ६६ लाख ९२ हजार हुने अनुमान गरिएको थियो । गाउँपालिकाको तपशिल वमोजिमका शिर्षकहरुमा आम्दानी भएको छ ।

कुल आम्दानी- रू.२४,५७,२०,३२९।–

कुल बजेटको आम्दानी-५८.९५ %

कुल खर्च- रू. १८,६४,७१,६८६।–

कुल बजेटको ४५.५%

## शाखागत प्रगति विवरण

### कृषि शाखा

कृषि विकास शाखाको प्रगति विवरणः

१. कुल बजेटको १०% (एघार लाख पच्चीस हजार) कार्यक्रम सम्पन्न भईसकेको जस अन्तर्गत

- घर किसानको प्लाष्टिक पालिकाको कार्यक्रम अन्तर्गत प्लाष्टिक टनेल वितरण,
- ५०% अनुदानमा विभिन्न कृषि समुहमा मिनिटिलर, थ्रेसर मेसिन वितरण,
- गाँउपालिकाको माटोको अवस्था थाहा पाउन माटो परिक्षण शिविर संचालन गरियो।
- रोग तथा किरा नियन्त्रणको लागि जैविक विषादी खरिद गरि माग अनुसार वितरण भईरहेको,
- स्प्रे टयाङकि खरिद गरि वितरण गरियो

२. कुल बजेटको ७८%(एकानब्बे लाख) कार्यक्रम सम्झौता भई कार्यन्वयनमा गएको र वैशाख मसान्त सम्म सम्पन्न हुने

- ५०% अनुदानमा विंउ उत्पादन, नर्सरी निर्माण तथा विरुवा उत्पादन कार्यक्रम सम्झौता भईसकेको र
- कृषि र पशु विकास शाखाको समन्वय भई स्थानिय कृषि व्यवस्थापन शिर्षक अन्तर्गत सहकारिलाई फर्म स्थापनाको लागी सम्झैता भईसकेको

३. बाँकि रहेको आलुको डढुवा नियन्त्रणको लागि विषादी खरिद र किवी बँगैचा व्यवस्थापनको प्रक्रिया अगाडि बढेको र कार्यक्रम चैत मसान्त भित्र सम्पन्न गरिने।

सशर्त बजेट अन्तर्गतः

- आलु पकेट निरन्तरता कार्यक्रमको नागबेलि कृषक समुह सँग सम्झौता भई चैत मसान्तमा कार्यक्रम सम्म सम्पन्न हुने ।
- किसान सुचिकरण कार्यक्रमको किसानहरुको सबै तथ्याङ्क सप्टवेयरमा सुचिकृत गरेको र अब प्रबिष्ट गरिएको तथ्याङ्क वडा समितिको समन्वयमा रुजु गरी किसान परिचयपत्र वितरण गरिने

## पशु शाखा

- वडा नं। १ बाखापकेट आ।ब। ०७८।०७९ को निरन्तरता सम्झौता गरी अन्तिम चरणमा रहेको।
- वडा नं। ३ मा बाखा पकेट कार्यक्रम नयाँ सम्झौता भई अन्तिम चरणमा पुगेको ।
- ५ वटै वडाको भेटेरीनरी डिस्पेन्सरीबाट १३३५ जना कृषकले सेवा लिई १४६४० पशुपंक्षीको उपचार भएको ।

- पशुपंक्षीमा पुर्णखोप कार्यक्रम अन्तर्गत ३१४ गाई, ४३०९ भैसी, १९१ भेडा,५८८४ बाख्रा, १५० बंगुर र १८६ कुकुरमा खोरेत, चरचरे, भ्यागुते स्वाइन फिवर, पिपिआर र रेविज भ्याक्सिन लगाइएको ।

## शिक्षा शाखा

- विद्यालय व्यवस्थापन समिति,शिक्षक अभिभावक संघ र अभिभावक विच अन्तर्क्रिया कार्यक्रम सम्पन्न ।
- विद्यालय स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न ।
- सामुदायिक विद्यालय र वालविकास केन्द्र समायोजन,स्थानान्तरणको साथै शैक्षिक गुणस्तर सुधारको लागि सुझाव पेश गर्न कार्यदल गठन ।

## स्वास्थ्य शाखा

**१. मानव संशाधन**

| पद | |
|---|---|
| मेडिकल अधिकृत | |
| हे.अ./सि.अ.हे.ब. छैठौं तह | ३ |
| सि.अ.न.मी. छैठौं | १ |
| स्टाफ नर्स/सि.अ.न.मी. | ४ |
| अ.न.मी. | ६ |
| अ.हे.ब. | ८ |
| ल्या.टे. | ४ |
| का.स. | ८ |
| अन्य | |
| जम्मा | ३२ |

**२. उपकरण सम्बन्धी विवरण**

| उपकरणको नाम | संख्या |
|---|---|
| Microscope | ५ |
| Analyzer | ४ |
| fetal dopler | ४ |
| baby warmer | ४ |

| | |
|---|---|
| electric suction | ४ |
| USG Machine | ३ |

## ३. स्वास्थ्य संस्थाको भौतिक संरचना तथा अन्य पूर्वाधार सम्बन्धी विवरण

| सि.नं. | बिबरण | अवस्था | |
|---|---|---|---|
| १ | स्वास्थ्य संस्थाको स्वामित्वमा (जग्गाधनी पूर्जा) रहेको जग्गा | छ | |
| २ | स्वास्थ्य संस्थाको आफ्नै भवन | छ | |
| ३ | भवनको किसिम स्वास्थ्य मन्त्रालयको मापदण्ड अनुसार | ३ वटा भएको | ३ वटा नभएको |
| ४ | भवनको कोठाहरू पर्याप्त | भएको | |
| ५ | सेवाग्राही र सेवा प्रदायकहरूको लागि छुट्टा छुट्टै शौचालय सुविधा | ३ वटामा भएको | ३ वटामा नभएको |
| ६ | खानेपानीको नियमित उपलब्धता | भएको | |
| ७ | टेलिफोनको उपलब्धता (Landline, Mobile) | भएको | |
| ८ | बिद्युतको उपलब्धता | भएको | |
| ९ | सोलार ब्याकप | 4 वटा भएको | २ वटा नभएको |
| १० | इन्टरनेट सुबिधा | भएको | |
| ११ | एम्वुलेन्स सेवाको उपलब्धता | १ वटामा भएको | |
| १२ | मोटर जाने सडक देखि स्वास्थ्य संस्था सम्मको दूरी (कि.मी.) | १००मि | |

गाउँघर क्लिनिकको बिबरण

| सि.नं. | वडा ५ | वडा ३ | वडा २ | वडा १ |
|---|---|---|---|---|
| १ | सागुबोट | सिङ्गुजी | खलडाँडा | मेहेले |
| २ | मच्छर | काँक्राखोर | दरकाटी | |

खोप क्लिनिकको बिबरण:

| सि.नं. | वडा ५ | वडा ४ | वडा ३ | वडा २ | वडा १ |
|---|---|---|---|---|---|
| १ | सागुबोट | साँगुबोट | हेल्थ पोष्ट | भाटखाने डाँडा | हे.पो. |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | ताराखोला स्वास्थ्य चौकी | | देउराली डाँडा | हल्पु | मेहेले |
| ३ | मच्छर | | | हे.पो. | भुस्कात |

## स्वास्थ्यका सुचकहरुः

| सूचकहरु | Unit | FY 2079/80 |
|---|---|---|
| **A. प्रतिवेनको स्थिति** | | |
| मासिक प्रतिवेदन | No. | ८ |
| गाउँघर क्लिनिको प्रतिवेदन | % | 100 |
| खोप क्लिनिको प्रतिवेदन | % | 100 |
| महिला स्वास्थ्य स्वयंसेविकाको प्रतिवेदन | % | 95 |
| स्वास्थ्य संस्थाले दैनिक सेवा दिने संख्या | No. | 15 |
| गाउँघर क्लिनिक बाट सेवा पाउने औषत संख्या(प्रति क्लिनिक) | No | 10 |
| खोप क्लिनिकबाट सेवा पाउने औषत संख्या | No. | 10 |
| महिला स्वास्थ्य स्वयंसेविकाबाट सेवा पाउनेहरुको संख्या | No. | 18 |
| **बच्चाको स्वास्थ्य** | | |
| **खोपको प्रगति** | | |
| बि.सि.जि. लगाउने बच्चा | % | ५७ |
| पेन्टा लगाउने वच्चा प्रतिशत | % | ५४ |
| **पोषण** | | |
| १ वर्ष सम्मको वृद्धि अनुगमनका लागि दर्ता भएका | % | 84 |
| १ देखि २ वर्ष सम्मको वृद्धि अनुगमनका लागि दर्ता भएका | % | 37 |
| सरदर जोखिने पटक | % | 6 |
| कार्तिकमा भिटामिन ए खाने वच्चाहरुको प्रतिशत | % | 86 |
| 6-23 महिनाको बाल भिटा पाउने बालबालिकाहरु (60 Sachets) Baal Vita (MNP) | % | १७ |
| 6-23 महिनाका ३ साइकल बाल भिटा पाउने बालबालिकाहरु (180 Sachets) Baal Vita (MNP) | % | ६ |
| **C. परिवार स्वास्थ्य** | | |
| **सुरक्षित मातृत्व** | | |
| कम्तिमा एक पटक स्वास्थ्य जाँच गराउने गर्भवती प्रतिशत | % | ४१ |

| | | |
|---|---|---|
| ४ पटक गर्भवटी जाँच गराउने | जना | १०९ |
| आमा र बच्चाको मृत्य | No | 0 |
| **महिला स्वास्थ्य स्वयं सेविका** | | |
| जम्मा महिला स्वास्थ्य स्वयं सेविका | No. | ५५ |
| **D. किटजन्य रोग नियन्त्रण** | | |
| लाम खुट्टेको वासस्थान खोज र नष्ट गर अभियान चलाएको | No | ५ |
| **E. क्षयरोग नियन्त्रण** | | |
| खकार परिक्षण शिविर सञ्चालन गरेको | जना | २८१ |
| सामान्य परिक्षण | जना | ७१४ |
| **H. उपचारात्मक सेवा** | | |
| जम्मा विरामी संख्या | No. | 9305 |

अन्य कार्यहरु

1. अमरभूमि सामुदायिक स्वास्थ्य एकाईमा ७ किलोवाटको सोलार जडान, (गिभपावरको सहयोगमा)
2. समुदायमा आधारित वृहत स्वास्थ्य परियोजना CCBHP, रेडक्रसको सहयोगमा
3. सबै स्वास्थ्य संस्थाहरुको संस्था सञ्चालन तथा व्यवस्थापन समितिको तालिम सञ्चालन,
4. स्वास्थ्य कर्मीहरुलाई इम्पलान्ट, आइ.यु.सि.डी, SBA, PEN, NTD जस्ता तालिमहरुको सञ्चालन गरि क्षमता वृद्धि गरिएको,
5. सेवालाई आधुनिक सुचना प्रविधि मा स्तरोन्ति गरिएको,
6. शहिद सप्ताह कार्यक्रममा ४० जना जेष्ठ नागरिकको निशुल्क सामान्य स्वास्थ्य परिक्षण र सुगर परिक्षण गरिएको
7. गाउँपालिको आयोजनामा सुनौलो परिवार नेपाल चितवनमा स्वास्थ्य कर्मीको लागि ८ दिने इम्पलान्ट तालिम सञ्चालन गरेको र तालिम पश्चात पालिकाको छ वटै संस्थाहरुबाट परिवारनियोजन सेवाको ५ वटै साधन उपलब्ध हुने।
8. सबै स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्ड(MSS) मापन गरिएको,
9. CBIMNCI कार्यक्रमको स्थलगत अनुशिक्षण, पोषण कार्यक्रमको स्थलगत अनुशिक्षण, सुरक्षित मातृत्वको स्थलगत अनुशिक्षण
10. हात्तिपाइले आम औषधि सेवन अभियान सम्पन्न गरिएको।

## न्यायिक समिति

| क.स. | विवरण (सुचक) | आ.व. ०७९।०८० | कैफियत |
|---|---|---|---|
| १ | उजुरी संख्या | ६ | |
| २ | महिला विरुद्द हुने घरेलु हिंस्सा उजुरीहरु | ३ | |

| | | | |
|---|---|---|---|
| ३ | बालवालिका विरुद्द हुने हिंसाको उजुरीहरु | ० | |
| ४ | जातिय हिंसा सम्वन्धीउजुरीहरु | ० | |
| ५ | गाली वेईजेत सम्वन्धीउजुरीहरु | ० | |
| ६ | सम्वन्ध विच्छेद सम्वन्धीउजुरीहरु | ० | |
| ७ | पारिवारिक झगडा | | |
| ८ | कुटपिट | १ | |
| | अन्य | २ | |
| ७ | फैसल/ मेलमिलापभएको उजुरीहरु | **६** | |
| ८ | फैसलाहुननसकीजिल्लाअदालतसिफारिस गरिएको उजुरीहरु | **०** | |

- मेलमिलाप सम्बन्धी पुनर्ताजगी तालिम संचालन गरिएको।
- वडा स्तरको मेलमिलाप केन्द्रहरु परिचालन गरी विवाद समाधान गर्ने असल अभ्यासको सुरुवात गरिएको।
- वडा स्तरीय मेलमिलाप केन्द्र स्थापना ।

## पञ्जिकरण शाखा

- घटना दर्ताका क्रममा वडा सचिवहरुलाई प्रणालीगत तथा नीतिगत विषयमा आएका समस्याहरुको एनिडेक्स, फोन र आफै फिल्डमा गएर समाधान र सहजीकरण गर्ने गरिएको
- सामाजिक सुरक्षा परिचयपत्र नविरकण सम्बन्धी निवेदन सबै वडा कार्यालायमा पठाई निवेदन संकलन गरी सा.सु परिचयपत्र नविकरण गरिएको (१३८२)
- ६८ वर्ष पुगेका लाभग्राहीको MIS संलग्न गरिएको (११६)
- प्रणालीमा प्रविष्ट गरिएका पुराना लाभग्राहीहरुको विवरण अपुरो र फरक विवरण भएकाहरुको छानविन गरि नविकरणमा प्राप्त कागजातको आधारमा विवरण सच्याउने,फोटो स्क्यान गरी अपलोड गर्ने कार्य भएको ।
- विवरण जाँच, छानविन गरी मुत्यु भएको,दोहोरो नाम भएको र बसाईसराईको कारणले भत्ता नपाउने लाभग्राहीहरुको लगत कट्टा गरिएको ।

## लघुउद्यम शाखा

नया लघु उद्यमी सृजनातर्फ ८० जना

स्तरोन्नतितर्फ ४० जना

| |
|---|
| पहिलो चरण : सामाजिक परिचालन |

| तालिमकार्यक्रमको नाम | स्थान | दिन | सहभागी सँख्या | खर्च भएको वजेत (करसहित) |
|---|---|---|---|---|
| सामाजिक परिचालनअन्तरगत मेड्पाकार्यक्रम सम्वन्धिअभिमुखिकरण साथै सहभागितात्मक ग्रामिण लेखाजोखाकार्यक्रम | वडा नं. १ बुकेनि | १ | २९  जना | ६,८००।- |
| सम्भावितउद्यमी छनौट | | | १० जना | |
| सामाजिक परिचालनअन्तरगत मेड्पाकार्यक्रम सम्वन्धिअभिमुखिकरण साथै सहभागितात्मक ग्रामिण लेखाजोखा ,घरधुरी सर्वेक्षण फारम ए,वी ,साथै समुह गठनका कार्यक्रम | वडा नं. ३ घुस्मेलि | १० दिन | ३१ जना | १८,५५० ।- |
| सम्भावितउद्यमी छनौट | | | २९ जना<br>३ वटा समुह गठन | |
| सामाजिक परिचालनअन्तरगत मेड्पाकार्यक्रम सम्वन्धिअभिमुखिकरण साथै सहभागितात्मक ग्रामिण लेखाजोखा ,घरधुरी सर्वेक्षण फारम ए,वी ,साथै समुह गठनका कार्यक्रम | वडा नं. ४ दोगाडी | १ हप्ता | ३१ जना | १०,५०० |
| सम्भावितउद्यमी छनौट | | | १५जना<br>१ वटा समुह गठन | |
| सामाजिक परिचालनअन्तरगत मेड्पाकार्यक्रम सम्वन्धिअभिमुखिकरण साथै सहभागितात्मक ग्रामिण लेखाजोखा ,घरधुरी सर्वेक्षण फारम ए,वी ,साथै समुह गठनका कार्यक्रम | वडा नं. २ | १ हप्ता | २० जना | ६,२००।- |
| सम्भावितउद्यमी छनौट | | | २० जना<br>२ वटा समुह गठन | |
| दोस्रो चरण : उद्यमशिलतातालिम | | | | |
| उद्यमशिलतातालिम | वडा नं. ३ घुस्मेलि | ८दिन | २९ जना | ४९,२००।- |
| उद्यमशिलतातालिम | वडा नं. ४ दोगाडी | ८दिन | १५ जना | ३६,५००।- |
| उद्यमशिलतातालिम | वडा नं.२ सभाहल | ८दिन | २० जना | ३९,५००।- |
| तेस्रो चरण : सिपविकास तालिम | | | | |
| सावुन सरफ बनाउने सिपविकास तालिम | वडा नं. ३ हिल | १ हप्ता | ११ जना<br>सुनौलो सावुन सरफ लघु उद्यमी समुह | १,२२,४४०।- |
| सावुन सरफ बनाउने सिपविकास तालिम | वडा नं. ४ दोगाडी | १ हप्ता | १५जना<br>उज्यालो सावुन सरफ | १,२६,६४०।- |

| | | | | |
|---|---|---|---|---|
| | | | लघु उद्यमी समुह | |
| मौसमीतथा वेमौशमी तरकारी खेतिसिपविकास तालिम | वडा नं.२ सभाहल | १ हप्ता | २४ जना मिलिजुलीकृषक लघु उद्यमी समुह सृजनशिल कृषक लघु उद्यमी समुह समावेशि कृषक लघु उद्यमी समुह | ३५,०००।- |
| सिलाइ कटाई सिपविकास तालिम | वडा नं. ३ हिल | ३ महिना | १३जना दिपप्रज्वलन लघु उद्यमी समुह | सँचालनभइरहेको |
| चौथो चरण : प्रविधि हस्तान्तरण | | | | |
| सिलाइ मेशिन हस्तान्तरण ५ वटा | वडा नं. ३ हिल | | दिपप्रज्वलन लघु उद्यमी समुह | ८०,०००।- |
| स्तरोन्नतितर्फ प्रविधि हस्तान्तरण | | | | |
| मिनिटेलर हलो | वडा नं. ५ करिमेला | | १२जना आत्मनिर्भर कृषक लघु उद्यमी समुह | १,००,०००।- |

## २०७८/७९ को हाल सम्मको आन्तरिक राजश्वको विवरण

### १. वडागत राजश्व

- वडा न. १- रू२,६९,७६५।(
- वडा न. २- रू ३,३५,०७२।-
- वडा न. ३- रू ४,११,२९८।५०।-
- वडा न. ४- रू ३,३२,०६२।७४।-
- वडा न. ५- रू ५,०३,२५०।–
- गाउँपालिकामा संकलन रु। ३,७५,१००।(

**जम्मा आन्तरिक राजश्व संकलन रू।२२,२६,५४८।२४।(**

## योजना, प्रशासन शाखा

**उपभोक्ता समिति मार्फत सञ्चालित योजनाहरुः**

| वडा नं. | सम्झौता भएका योजना संख्या | भुक्तानी भएका योजना संख्या | सम्पन्न हुन बाँकी योजना संख्या |
|---|---|---|---|
| १ | १५ | ३ | १२ |

| | | | |
|---|---|---|---|
| २ | १७ | ६ | ११ |
| ३ | १५ | ४ | ११ |
| ४ | १० | १ | ९ |
| ५ | ९ | २ | ७ |
| जम्मा | ६६ | १६ | ५० |

संघ तथा प्रदेश तर्फका आयोजनाको प्रगतिः

| क्र.स. | आयोजनाको नाम | बजेटको स्रोत | भुक्तानी रकम रु. | कार्य प्रगति |
|---|---|---|---|---|
| १ | भातखाने डाँडा माझखर्क सडक | संघीय समपुरक | १७,५०,००० पेश्की | अन्तिम चरणमा रहेको |
| २ | जनप्रेम मा.वि. भवन निर्माण | संघीय विषेश | १४,००,००० पेश्की | निर्माणाधिन |
| ३ | घुस्मेली भातखाने डाँडा सडक | प्रदेश शसर्त | सम्झौता रकम ७१,२७,८८२.२४ विल रकम ६९,६८,९६४ | सम्पन्न भएको, अन्तिम भुक्तानी दिन बाँकी |
| ४ | हिलगाउँ पधेराखोला सडक | प्रदेश समपुरक | ११,००,००० पेश्की | निर्माणाधिन |
| ५ | हिल सादी पधेराखोला कागजपानी सडक | प्रदेश समपुरक | ७,२५,०६४ पहिलो रनिङ विल | निर्माणाधिन |

गाउँपालिकाबाट सञ्चालित मुख्य आयोजनाहरुः

| क्र.स. | आयोजनाको नाम | कार्य प्रगति | वित्तिय प्रगति |
|---|---|---|---|
| १ | दोगाडी खेलमैदान निर्माण | सम्झौता रकम रु.१८,६४,६५३.६८ निर्माणाधिन | |

| | | | |
|---|---|---|---|
| २ | सहिद मार्ग स्तरोन्नति- धप्ल्याङ स्ल्याव कल्भर्ट निर्माण | सम्झौता रकम रु.१९,१८,१७२.०२ निर्माणाधिन | |
| ३ | हिल गाँउ होर खानेपानी निर्माण | सम्झौता रकम रु.२१,२०,८६१.७४ निर्माणाधिन | |
| ४ | भातखाने डाँडा माझखर्क सडक स्तरोन्नती खण्ड ख | सम्झौता रकम रु.३८,७०,२१३.३५।- निर्माणाधिन | |
| ५ | सुरक्षित मातृत्व महिला समुह भवन निर्माण | सम्झौता रकम रु.८४,२६,८१९.७४ निर्माणाधिन | रू १६८५००० पेश्की भुक्तानी |
| ६ | प्रशासकीय भवन ट्रष्ट निर्माण | सम्झौता रकम रु.२४,६३,२७०.६१ | निर्माणाधिन |

संघीय शसर्त अनुदान तर्फः

- ✓ ५ वटा पुललाई रू १५,३१,८१९।- भुक्तानी भएको
- ✓ स्टिल पार्ट खरिद बापत रू ३३,३९,०८८।- भुक्तानी भएको
- ✓ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत विद्यालय भवन निर्माण तर्फ ७ वटा विद्यालयलेप्रथम किस्ता पेश्की लगेकोमा ५ वटाले थप दोस्रो किस्ता पेश्की लगेका ।

अन्य:

- ✓ प्रशासकीय भवनको बाकी रकम भुक्तानी भएको
- ✓ गाईघाट झरनामा पुल निर्माण कार्यको रकम भुक्तानी भएको
- ✓ नेवासंगको साझेदारीमा सञ्चालित ३ वटा खानेपानी आयोजनालाई प्रथम किस्ता पेश्की उपलब्ध गराइएको ।
- ✓ प्रथम किस्ता पेश्की लगेकोमा ५ वटा विद्यालयहरुले थप दोस्रो किस्ता पेश्की लगेका ।
- ✓ व्याक्हो लोडर खरिदको लागि सूचना प्रकाशित गरी प्रकृया अगाडि बढाइएको ।

## महिला विकास शाखा

१। नारी दिवस कार्यक्रम वडा नं. १ मा सञ्चालन गरियो जसमा लोक तथा नृत्य प्रतियोगिता कार्यक्रम सम्पन्न गरियो ।

२। जेष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत ४० जना जेष्ठ नागरिकहरुलाइ थर्मस वितरण गरी सम्मान गरियो ।

३। सहिद सप्ताह कार्यक्रम अन्तर्गत २७ जना सहिद परिवारलाइ प्रति महिना १ हजारका दरले ८ महिनाको एकमुष्ट ८ हजारका दरले २ लाख १६ हजार जीवन निर्वाह भत्ता वितरण गरियो ।

४। महिला सशक्तिकरण कार्यक्रम अन्तर्गत महिला हिंसा तथा बालविवाह सम्बन्धी नेपाली डकुमेन्ट्री फिल्मी ६ वटा मा।वि।मा प्रर्दशन गरियो ।

५। जेष्ठ नागरिक परिचय पत्र वितरण सम्बन्धी कार्यविधि, २०७९ गाउँ कार्यपालिकाबाट स्वीकृत भई अगाडि बढेको छ ।

## रोजगार शाखा

**आ.व २०७८-७९ को तेस्रो चौमासिकमा सम्पन्न भएका योजनाहरु देहाय बमोजिम उल्लेख गरिएको छ ।**

| क.स | योजनाका नाम | आ.ब.२०७९/०८० को अनुमान |
|---|---|---|
| १. | अमर प्रा.वि.सिले डाडाँ गोरेटो बाटो निर्माण | ४,००,०००/- |
| २. | थामि पोखरा डाडाँ मोटर बाटो सोलिङ | २,००,०००/- |
| ३. | वाभो गोरेटो बाटो निर्माण | १५०,०००/- |
| ४. | ईदिगैरा गलैना मोटर बाटो सोलिङ | २,००,०००/- |
| ५. | विसौना नेपाने गोरेटो बाटो | ३,००,०००/- |
| ६. | मन्निवल मोटर बाटो सोलिङ | १,००,०००/- |
| ७. | उत्तरपानी  पदमार्ग | १,००,०००/- |
| ८. | जुगेपानी रिडि प्रा.वि. गोरेटो बाटो | ३,००,०००/- |
| ९. | चराबिटो /शिर्खु मोटर बाटो मर्मत | १,००,०००/- |
| १०. | तिउराचली ललगा गोरेटो बाटो | १,५०,०००/- |

| | | |
|---|---|---|
| ११. | कुहु छमरि गोरेटो बाटो | १,००,०००/- |
| १२. | रानिवास नाङगी पदमार्ग | २,००,०००/- |
| १३. | अस्किल ग्याविन जालि | ३६००९/- |
| १४. | जन प्रेम मा.वि. ग्याविन मर्मत | ९५३२७/- |
| १५. | खम्पा भंगला घुस्मेली गोरेटो बाटो | १००,०००/- |
| १६. | घुस्मेली हरि मा.वि.देउराली काक्राखोर मोटर बाटो सोलिङ | ५००,०००/- |
| १७. | देउराली गुरासे  गोरेटो बाटो निर्माण | २००,०००/- |
| १८. | पोरल डाँडा लालचोक पदमार्ग  निर्माण | ३०००००/- |
| १९. | मेहेले  धम्जा मोटर बाटो सोलिङ्ग | ३०००००/- |
| २०. | सिप भवनदेखि जाईखोला | ३०००००/- |
| २१. | लावाङ असौजे गोरेटो बाटो | ३०००००/- |
| जम्मा | भुक्तानि भएको रकम | ४४३१३३६/- |

**हाल सन्चालनमा रहेका केहि योजनाहरु**

१. तारागाउँ पदमार्ग-५०००००/-
२. सग्रहालय-सहिद पार्क पदमार्ग-३०००००/-
३. डन्ठुबास पोखरा पदमार्ग-२०००००/-
४. दिपमैदान पदमार्ग-२०००००/-
५. मानोकालि लेक पदमार्ग-२०००००/-
६. आरुखोला कम्ल्याङ गोरेटो बाटो-३०००००/-

**४। हाल सम्म भएका सुधारहरू**

- आन्तरिक राजश्वको तथ्याङ्कलाई व्यवस्थित गरिएको ।
- करका दायराहरू बढाउदै लगिएको ।
- लेखापरिक्षण सहजीकरण समिति गठन गरिएको ।
- राजश्व व्यवस्थापन सूचना प्रणाली मार्फत राजश्व संकलन पारदर्शि बनाइएको ।

- लेखापरीक्षणलाई चौमासिक गर्दै व्यवस्थित गरिएको ।
- बेरूजु फछ्यौंटलाई प्राथमिकतामा राखि काम गरिएको ।
- जेसि अडिटको कार्य गरिएको ।
- गाउँपालिकाको आर्थिक सर्वेक्षणको कार्य अगाडि बढाईएको ।

*५। योजना कार्यान्वियनमा भएका नयाँ अभ्यास*

- योजना व्यवस्थापन सूचना प्रणाली मार्फत वडा तहमा नै योजना संझौताको कार्य गरिएको,
- ठेक्का व्यवस्थापनमा ई-बिडिङ्गको प्रयोग,
- बैंकिङ्ग भुक्तानी प्रणालीको प्रयोग,
- निरन्तर अनुगमन तथा सुपरिवेक्षण, हरेक योजनामा अनुगमन रिपोर्ट तयार गरेर मात्र भुक्तानी गर्ने गरिएको छ,
- कतिपय योजनाहरु प्राविधिक सँगसँगै नापजाच गर्ने कार्य पनि गरिएको छ,
- डिजिटल नागरिक वडापत्र जडान,
- लाईटेनिङ्ग एरिष्टोर जडान गरिएको (सिले र औलादि)
- श्रम रोजगार बैङ्क स्थापनाको लागि ६० जना श्रमिक सुचिकृत भई प्रकृया अगाडि बढेको ।
- भूमि आयोगको सहकार्यमा गाउँपालिका भित्रको जग्गा वर्गीकरणको काम अन्तिम चरणमा पुगेको ।

**धन्यवाद!!**